भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. :- २०८०/८१
च.नं.:- ८४०

मिति:- वि.सं.२०८०/०५/२४ गते

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको *प्रथम पटक प्रकाशित* ***कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना*** *(१५ दिने)* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडाबासी कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

साथै उक्त ***कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना*** *(१५ दिने)* थान १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

..........................
देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत


खावाङ बगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९७६२५२७१११
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- २०८०/८१
सूचना नं.:- ८

**कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना।**
**(प्रथम पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८०/०५/२४ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत प्रथम चौमासिक अवधिमा सञ्चालन हुने *व्यवसायिक फलफूल खेती बीमा कार्यक्रम, कृषि उद्यम कर्जा कार्यक्रम, रैथाने बालीहरुको बीउ बैंक स्थापना कार्यक्रम, ५० प्रतिशत अनुदानमा रैथाने बाली (उवा, फापर)को बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम, उन्नत आलु बीउ वितरण कार्यक्रम, जैविक विषादी वितरण कार्यक्रम, दलहन बाली (मुसुरो, केराउ) बीउ प्रवर्द्धन कार्यक्रम, कृषि खेतीका लागि साना सिंचाई निर्माण कार्यक्रम, कृषि खेतीका लागि यान्त्रिक औजार सहयोग कार्यक्रम, खाद्यान्न बाली (गहुँ)को उन्नत बीउ वितरण कार्यक्रम, तेलहन बाली (तोरी, सूर्यमूखी) बीउ प्रवर्द्धन कार्यक्रम, प्लाष्टिक टनेल वितरण कार्यक्रम, मसला बाली (लसुन) बीउ प्रवर्द्धन कार्यक्रम, घरायसी झोला उत्पादन र पुष्प खेतीमा अनुदान कार्यक्रम, कृषि बालीवस्तु (आलु, सिमी, केरा, लसुन)को पकेट विकास कार्यक्रमलाई निरन्तरता कार्यक्रम र १०० प्रतिशत अनदानमा अतिविपन्न कृषकहरुलाई कृषि सामाग्री सहयोग* र संघीय सरकारबाट हस्तान्तरित संघ विशेष अनुदान कार्यक्रमहरुतर्फ *५० प्रतिशत अनुदानमा व्यवसायिक फलफूल बगैचा व्यवस्थापन, सुधार तथा उपचार कार्यक्रम र मागमा आधारित फलफूल तथा तरकारी खेती नर्सरी कार्यक्रम*मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने *भूमे गाउँपालिका भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*ले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले १५ दिन (वि.सं. २०८०/०६/०७ गते)भित्र* कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिलः

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदन र छाप ।
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७९/८०को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- कृषि बालीवस्तुको पकेट निरन्तरता तथा साना सिंचाई कार्यक्रम उपभोग गर्ने कृषकहरुको जग्गा धनी लालपूर्जा तथा गत आ.व.२०७९/८०को घरजग्गा तिरो तिरेको रसिदको प्रतिलिपी ।
- अतिविपन्न कृषक कार्यक्रमको हकमा अतिविपन्न कृषक भएको भनि व्यहोरा खुलाईएको सम्बन्धित वडा कार्यालयको सिफारिस-पत्र ।
- समूह/संस्थाको हकमा कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निर्णयको प्रतिलिपी ।

.......................
(विशाल पुन मगर)
नायव प्राविधिक सहायक
**विशाल पुन मगर**
**ना.प्रा.स.(कृषि इकाई)**

.......................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत
**देवीलाल वि.क.**
**प्रमुख प्रशासकीय अधिकृत**

खाबाङ बगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९७६२५२७१११
इमेलः info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइटः www.bhumemun.gov.np

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

<u>सम्पर्कका लागि:</u>

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६

२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५

३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५

*पुनश्च:*

- ***व्यक्तिगत कृषकको हकमा:***
- ***रैथाने बाली (उवा, फापर)को बीउ उत्पादन प्रवर्द्धन कार्यक्रमतर्फ:-*** *रैथाने उवा र फापरको बीउ १-३ के.जी.,*
- ***उन्नत आलु बीउ वितरण कार्यक्रमतर्फ:-*** *उन्नत आलुको बीउ ३०-५० के.जी.,*
- ***जैविक विषादी वितरण कार्यक्रमतर्फ:-*** *एलो स्टीकी ट्र्याप ३-५ वटा र किटनाशक तथा रोगनाशक जैविक विषादी २-४ डिब्बा, मिश्रित सुक्ष्म खाद्यतत्व २-४ डिब्बा*
- ***दलहन बाली (मुसुरो, केराउ) बीउ प्रवर्द्धन कार्यक्रमतर्फ:-*** *उन्नत मुसुरो र केराउको बीउ १-३ के.जी.,*
- ***कृषि खेतीका लागि यान्त्रिक औजार सहयोग कार्यक्रमतर्फ:-*** *प्रत्येक कृषि यान्त्रिक औजार १-२ सेट,*
- ***खाद्यान्न बाली (गहुँ)को उन्नत बीउ वितरण कार्यक्रमतर्फ:-*** *उन्नत गहुँको बीउ ५-१० के.जी.,*
- ***तेलहन बाली (तोरी, सूर्यमुखी) बीउ प्रवर्द्धन कार्यक्रमतर्फ:-*** *उन्नत तोरी र सुर्यमुखीको बीउ १-३ के.जी.,*
- ***प्लाष्टिक टनेल वितरण कार्यक्रमतर्फ:-*** *प्लाष्टिक टनेल १-२ वटा,*
- ***मसला बाली (लसुन) बीउ प्रवर्द्धन कार्यक्रमतर्फ:-*** *उन्नत लसुनको बीउ २०-४० के.जी.,*
- ***कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको हकमा:*** *व्यक्तिगत कृषकको हकमा उल्लेखित सामाग्रीहरुको अधिकतम् के.जी., वटा, डिब्बा, सेट भन्दा बढी माग गर्नुपर्नेछ ।*
- *५०% अनुदानमा रैथाने बाली (उवा, फापर)को बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम, उन्नत आलु बीउ वितरण कार्यक्रम, जैविक विषादी वितरण कार्यक्रम, दलहन बाली (मुसुरो, केराउ) बीउ प्रवर्द्धन कार्यक्रम, कृषि खेतीका लागि यान्त्रिक औजार सहयोग कार्यक्रम, खाद्यान्न बाली (गहुँ)को उन्नत बीउ वितरण कार्यक्रम, तेलहन बाली (तोरी, सूर्यमूखी) बीउ प्रवर्द्धन कार्यक्रम, प्लाष्टिक टनेल वितरण कार्यक्रम र मसला बाली (लसुन) बीउ प्रवर्द्धन कार्यक्रम माग गर्दा कुल मूल्यको ५० प्रतिशत रकम अग्रीम जम्मा गर्नुपर्नेछ ।*
- *उल्लेखित कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदनको ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेवसाईट* www.bhumemun.gov.np *बाट प्राप्त गर्न सकिनेछ ।*

विशाल पुन मगर
ना.प्रा.स.(कृषि इकाई)

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत